प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश

प्रदेश निजामती सेवाको वन सेवा, जनरल फरेष्ट्री समूह, सहायक तेस्रो तह, वन रक्षक पदको खुला

प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम एवं परीक्षा योजना

पाठ्यक्रमको रुपरेखाः यस पाठ्यक्रमको आधारमा निम्नानुसार चरणमा परीक्षा लिइने छ।

परीक्षा योजना (Examination Scheme)

| चरण | परीक्षा | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या x अङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | लिखित परीक्षा | ३० | १२ | वस्तुगत बहुवैकल्पिक प्रश्न | ६० प्रश्न x ०.५ अङ्क | ५० मिनेट |
| द्वितीय | शारीरिक परीक्षण तथा तन्दुरुस्ती परीक्षा | ५० | - | प्रयोगात्मक | | |
| तृतीय | अन्तर्वार्ता | २० | - | मौखिक | | |

द्रष्टव्य:

१. यस पाठ्यक्रमलाई प्रथम चरण, द्वितीय चरण र तृतीय चरण (लिखित परीक्षा, शारीरिक परीक्षण तथा तन्दुरुस्ती परीक्षा र अन्तर्वार्ता) मा विभाजन गरिएको छ।

२. शारीरिक परीक्षणमा तोकिएको न्यूनतम मापदण्ड पुग्ने उम्मेदवारले मात्र दरखास्त भर्नु पर्नेछ। शारीरिक परीक्षणमा तोकिएको न्यूनतम मापदण्ड नपुगेका उम्मेदवारको दरखास्त रद्द हुनेछ।

३. खुला र समावेशी समूहको एउटै प्रश्नपत्रबाट परीक्षा सञ्चालन हुनेछ।

४. परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी वा नेपाली र अंग्रेजी दुबै हुन सक्नेछ।

५. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत बिस प्रतिशत अङ्क कट्टा गरिनेछ। तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन।

६. परीक्षा हलमा मोवाइल, स्मार्टवाच वा यस्तै प्रकारका विद्युतीय उपकरण, क्याल्कुलेटर, पुस्तक, नोटबुक, झोला लगायतका बस्तुहरु लैजान पाइने छैन।

७. यस पाठ्यक्रम अनुसारको विषयवस्तुमा जुनसुकै कुरा लेखिएको भए तापनि पाठ्यक्रममा रहेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा तीन महिना अगावै संशोधन भई कायम रहेको अवस्थामा संशोधित विषयवस्तुलाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

८. प्रथम चरणको लिखित परीक्षामा न्यूनतम उत्तिर्णाङ्क प्राप्त गर्ने उम्मेदवारलाई मात्र द्वितीय चरणको शारीरिक परीक्षण तथा तन्दुरूस्ती परीक्षामा सहभागी गराईनेछ।

९. द्वितीय चरणको शारीरिक परीक्षणमा छनौट भएका उम्मेदवारले मात्र तन्दुरूस्ती परीक्षामा भाग लिन पाउनेछन्।

१०. शारीरिक परीक्षण तथा तन्दुरुस्ती परीक्षा साधन, श्रोत उपलब्ध हुने तोकिएको स्थानमा मात्र हुनेछ।

११. तृतीय चरणको अन्तर्वार्ताको लागि उम्मेदवार छनौट गर्दा प्रथम चरणको लिखित परीक्षाको प्राप्ताङ्क र द्वितीय चरणको तन्दुरुस्ती परीक्षाका सबै इभेण्टको प्राप्ताङ्कको कुल योगको आधारमा लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने मापदण्ड अनुसार अन्तर्वार्ताको लागि नामावली प्रकाशित गरिनेछ।

१२. प्रथम चरणको लिखित परीक्षाको अङ्क, द्वितीय चरणको तन्दुरुस्ती परीक्षाको अङ्क र तृतीय चरणको अन्तर्वार्ताको अङ्क जोडी कूल योगको आधारमा योग्यताक्रम अनुसार अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ।

१३. पाठ्यक्रम अध्यावधिक सहित लागू मितिः २०८३।०४।०१

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश

प्रदेश निजामती सेवाको वन सेवा, जनरल फरेष्ट्री समूह, सहायक तेस्रो तह, वन रक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठयक्रम

प्रथम चरण: लिखित परीक्षा

विषयः सेवा सम्वन्धी

१. वनजंगल, वनस्पति लगायत वन्यजन्तुहरुको संरक्षण तथा वन अपराध नियन्त्रण
२. वन क्षेत्रमा गस्ति गर्दा ध्यान दिनु पर्ने कुराहरु
३. वन मापन (GPS, DBH, गोलाइ, लम्बाइ, आयतन)
४. विद्युतीय प्रतिवेदन (Digital Reporting) सम्बन्धी सामान्य जानकारी
५. वन पैदावर टाँचा, छपान, कटान, मुछान, घाटगद्दी र ओसारपसार
६. हिरासतमा रहेका अभियुक्तहरुको बारेमा ध्यान दिनु पर्ने कुराहरु
७. दुर्लभ तथा प्रतिबन्धित (साइटिस अनुसूचीमा उल्लेखित समेत) वनस्पति र वन्यजन्तुहरुको नाम र पहिचान
८. वन सम्वर्द्धन प्रणाली (Silvicultural system) सम्बन्धी सामान्य जानकारी
९. माउ रुख पहिचान, विउ संकलन, विरुवा उत्पादन र वृक्षरोपण
१०. वनको किसिम र वन प्रजातिहरुको भौगोलिक वितरण
११. वन संरक्षणमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु (वन डढेलो, अतिक्रमण र चरिचरण)
१२. जैविक विविधता संरक्षण र जलवायु परिवर्तन सम्बन्धी सामान्य जानकारी
१३. वन्यजन्तुहरुको उद्धार, नियन्त्रण र मानव वन्यजन्तु सहअस्तित्व
१४. सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कबुलियती वन, साझेदारी वन, धार्मिक वन, वन संरक्षण क्षेत्र, निजी वन र कृषि वन सम्बन्धी आधारभूत जानकारी
१५. वन विकास सम्बन्धी प्रचार प्रसारका सामग्रीको प्रयोग
१६. कर्णाली प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका वन सम्बन्धी निकायहरुको कार्य जिम्मेवारी र सांगठनिक संरचना
१७. नेपालमा पाइने महत्वपूर्ण बिरुवा तथा जडिबुटीहरु
१८. जङ्गलमा हुने जोखिममा सुरक्षित रहने तरिका र पदमार्ग पहिचान गर्ने सीप (Wilderness survival, trial navigation techniques)
१९. कर्णाली प्रदेशमा पाइने विरुवा तथा जडिबुटीहरुको नाम, पहिचान र उपयोगिता
२०. कर्णाली प्रदेशमा पाइने प्रमुख संरक्षित वनस्पति तथा वन्यजन्तुहरु,
२१. कर्णाली प्रदेशका संरक्षित क्षेत्रहरु र पर्यापर्यटन
२२. एकीकृत भू तथा जलाधार व्यवस्थापन
२३. प्रदेश निजामती सेवा ऐन तथा नियमावली (विदा, सजाय र आचरण)
२४. प्रदेश वातावरण संरक्षण ऐन, २०७७ र नियमावली, कर्णाली प्रदेश वन ऐन, २०७८ र नियमावली सम्बन्धी सामान्य जानकारी

सेवा सम्बन्धी विषयको प्रश्नसंख्या तालिका

| एकाई | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रश्नसंख्या | १० | | | | | १५ | | | | | १५ | | | | |
| एकाई | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | | | | | | |
| प्रश्नसंख्या | १० | | | | | १० | | | | | | | | | |

## द्वितीय चरणः शारीरिक परीक्षण तथा तन्दुरुस्ती परीक्षा योजना

(क) शारीरिक परीक्षण

| सि.नं. | बिबरण | पुरुष (न्यूनतम) | महिला (न्यूनतम) |
|---|---|---|---|
| १ | उचाइ | ५ फिट २ इन्च (५' २") | ५ फिट |
| २ | छाती | ३१–३३ इन्च (३१"– ३३") | ×–× |
| ३ | वजन | ५० के.जी. | ४२ के.जी. |
| ४ | आँखा परीक्षण | +२ देखि -२ भन्दा कमजोर नभएको | +२ देखि -२ भन्दा कमजोर नभएको |
| ५ | Color Vision Test | रंग पहिचान सम्बन्धी दोष नभएको | रंग पहिचान सम्बन्धी दोष नभएको |

(ख) तन्दुरुस्ती परीक्षा

| सि.नं. | परीक्षाका इभेण्टहरु (Events) | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|
| १ | २०० मिटर दौड | २० | यस परीक्षाका इभेण्टहरु शुरु गर्दा क्रमशः सि.नं. १ देखि ४ सम्म गर्नुपर्नेछ। अगाडीको इभेण्टमा असफल हुने उम्मेदवारहरु त्यसपछिको इभेण्टमा सहभागी हुन पाउने छैनन। |
| २ | ३००० मिटर दौड | २० | |
| ३ | रुख चढ्ने | ५ | |
| ४ | पौडी | ५ | |

## तन्दुरुस्ती परीक्षाको मूल्यांकन विधि

(१) २०० मिटर दौड

| पुरुष | | महिला | |
|---|---|---|---|
| विवरण | अंक | विवरण | अंक |
| २८ सेकेन्ड सम्म | २० | ३४ सेकेन्ड सम्म | २० |
| २८.१ सेकेन्ड देखि ३२ सेकेन्ड सम्म | १५ | ३४.१ सेकेन्ड देखि ३८ सेकेन्ड सम्म | १५ |
| ३२.१ सेकेन्ड देखि ३६ सेकेन्ड सम्म | १० | ३८.१ सेकेन्ड देखि ४२ सेकेन्ड सम्म | १० |
| ३६.१ सेकेन्ड वा सो भन्दा बढी | असफल | ४२.१ सेकेन्ड वा सो भन्दा बढी | असफल |

(२) ३००० मिटर दौड

| पुरुष | | महिला | |
|---|---|---|---|
| विवरण | अंक | विवरण | अंक |
| १२ मिनेट सम्म | २० | १४ मिनेट सम्म | २० |
| १२.१ मिनेट देखि १४ मिनेट सम्म | १५ | १४.१ मिनेट देखि १६ मिनेट सम्म | १५ |
| १४.१ मिनेट देखि १६ मिनेट सम्म | १० | १६.१ मिनेट देखि १८ मिनेट सम्म | १० |
| १६.१ मिनेट वा सो भन्दा बढी | असफल | १८.१ मिनेट वा सो भन्दा बढी | असफल |

(३) रुख चड्ने

| पुरुष | | महिला | |
|---|---|---|---|
| विवरण | अंक | विवरण | अंक |
| ७ मिटरसम्म रुख चड्ने | ५ | ५ मिटरसम्म रुख चड्ने | ५ |
| ७ मिटरसम्म रुख चड्न नसक्ने | असफल | ५ मिटरसम्म रुख चड्न नसक्ने | असफल |

(४) पौडी खेल्ने (पोखरी/स्वीमिङ्ग पुल)

| पुरुष | | महिला | |
|---|---|---|---|
| विवरण | अंक | विवरण | अंक |
| ४.५ मिटरसम्म दुरि पौडी खेली तर्ने | ५ | ३.५ मिटरसम्म दुरि पौडी खेली तर्ने | ५ |
| ४.५ मिटरसम्म पौडी खेल्न नसक्ने | असफल | ३.५ मिटरसम्म पौडी खेल्न नसक्ने | असफल |

---The End---